लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
लमही, दाङ ।

## कार्यपालिका बैठकको निर्णय, मिति : २०७६।०८।०३ गते ।

**निर्णनय नं. १** : लमही नगरपालिका नगर शिक्षा समिति देहाय बमोजिम हुने गरि पुर्नगठन गर्ने ।

**समितिहरु :**

क) नगर प्रमुख, श्री कुलबहादुर के.सी , लमही नगरपालिका - अध्यक्ष

ख) नगर उप-प्रमुख , श्री देवका बेल्वासे, लमही नगरपालिका - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत, लमही नगर कार्यपालीकाको कार्यालय - सदस्य

घ) लमही नगरपालीका, वडा अध्यक्षहरु मध्येबाट नगरकार्यपालिकाले मनोनित गरेको १ जना श्री बाबुराम चौधरी( अध्यक्ष, वार्ड नं ३ ) - सदस्य

ङ) लमही नगरपालीका, ६ नं. वडा अध्यक्ष तथा सामाजिक विकास समितिको संयोजक श्री गणेशमान चौधरी - सदस्य

च) सामुदायिक माध्यामीक बिद्यालयका ब्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट श्री शोभा घिमिरे ( श्री सूर्य विनायक मा.वि. नर्ती) - सदस्य

छ) लमही नगरपालीका नगर क्षेत्रका सामुदायिक माध्यामीक बिद्यालयका प्रधानाध्यापकहरु मध्येबाट राप्ती मा.वि. उचानिम्वु का प्र.अ.श्री जंग बहादुर चौधरी - सदस्य

ज) लमही नगरपालीका नगर क्षेत्रका संस्थागत बिद्यालयको प्रतिनिधिमुलक संस्थाबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगरकार्यपालिकाले मनोनयन गरिएको संस्थागत बिद्यालय(नेशनल प्यावसन) प्रतिनिधिमुलक संस्थाबाट मनोनित गरेका १ जना - सदस्य

झ) धार्मिक प्रकृतिका विद्यालयहरुका संस्थापक मध्येबाट नगर प्रमुखले मनोनित गरेको १ जना - सदस्य

ञ) स्थानिय समाजसेवी, बुद्धिजीवि र शिक्षाप्रेमीहरु मध्येबाट कम्तिमा एक महिला पर्ने गरि नगरकार्यपालिकाले मनोनित गरेका निम्न ३ जना सदस्य

१. श्री दामोदर पाण्डे, लमही ५ लमही दाङ्ग (बुद्धिजीवि)
२. श्री तुल्सी अधिकारी, लमही ३ कान्तिपुर (बुद्धिजीवि)
३. श्री मधुलीका चौधरी, लमही २ सोनपुर (बुद्धिजीवि)

ट) लमही नगर क्षेत्र भित्रको शिक्षक महाँसंघको अध्यक्ष - १ जना सदस्य

ठ) सम्बन्धित स्रोतब्यक्ति - १ जना सदस्य

ढ) शिक्षा उप-शाखाको शिक्षा अधिकृत - सदस्य सचिव

**निर्णनय नं. २** : लमही अस्पतालको लागि अत्यावश्यक औषधिहरु तत्काल खरिद गरी अस्पतालको स्वास्थ्य सेवा प्रवाहलाई सहज र व्यवस्थित गर्न अधिकतम रु.५,००,०००।-(पाँच लाख) बराबरको औषधी तथा औषधी जन्य सामग्रीहरु कोटेशन प्रक्रियाबाट सिधै खरिद गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

**निर्णनय नं.३** : तराई मधेश समृद्धि कार्यक्रमबाट स्वास्थ्य चौकी सोनपुरको अपुरो भवन निर्माणका लागि रु.२२,५०,०००।-(बाईस लाख पचास हजार) अनुदान प्राप्त भएकोमा उपभोक्ता समितिको तर्फबाट कुल लागतको १० प्रतिशत बराबरको श्रमदान मार्फत समितिबाट सम्पन्न गर्ने

**निर्णनय नं. ४** : सडकबोर्ड नेपालबाट आ.व.२०७६।०७७ को लागि स्थानीय सडक मर्मत सम्भार कार्य गर्न रु.२५,००,०००।-(पच्चिस लाख) प्राप्त भएकोमा तपसिल बमोजिमका आयोजनाहरु संपन्न गर्नुपर्ने भएकोले नपुग रकम जगेडा कोषबाट व्यवस्थापन गर्ने ।

**तपसिल**

**क) वडा नं. ५ अन्तर्गतको बाटोहरु :**

१. कान्छिरोड
२. पि.सि.ओ.रोड
३. शाह मार्ग
४. न्युरोड मर्मत

**ख) वडा नं. ६ अन्तर्गतको बाटोहरु :**

१. आदर्श मा.वि.देखी मध्यनगर सम्म
२. दुम्दुमा देखी लङ्गगडी सम्म

**निर्णनय नं. ५** : लमही नगरकार्यपालिकाको कार्यालयबाट हाल सम्म भईरहेको व्यवसाय संचालन इजाजत तथा नविकरण गर्ने सम्बन्धी कार्य मिति २०७६ मंसिर १५ देखी सम्बन्धीत वडा कार्यालयबाट ब्यवस्थापन गर्ने गरि अधिकार प्रत्यायोजन गर्ने । ब्यवसाय संचालन इजाजत तथा नविकरण सम्बन्धी कार्य सम्पादनका सन्दर्भमा वडा अध्यक्षबाट निर्णय गराई वडा सचिवबाट प्रमाण-पत्र जारी र नविकरण गर्ने ।

**निर्णनय नं. ६** : "घ" बर्गको निर्माण ब्यवसायको नँया इजाजत पत्र जारी, नविकरण, नामसारी तथा खारेज गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दोस्रो संशोधन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णनय नं. ७** : सार्वजनिक निर्माण कार्य गर्न निर्माण इजाजत पत्रका लागि जय श्री शिवराम विल्डर्स प्रा.लि.लमही ५, दाङ्गले यस कार्यालयमा आवश्यक कागजातका साथ दरखास्त पेश गरेकोमा, प्राविधिक परिक्षण तथा मूल्यांकन समितिबाट परिक्षण गरी इजाजत पत्र जारी गर्न सिफारिस भई आएकाले तोकिएको दस्तुर लिई "घ" बर्गको निर्माण ब्यवसायको नँया इजाजत पत्र जारी गर्ने ।

**निर्णनय नं. ८** : शहरी योजना, भवन निर्माण तथा सडक मापदण्ड सम्बन्धि निर्देशिका, २०७२ को पहिलो संशोधन स्वीकृत गर्ने ।

Scanned with CamScanner

**निर्णयन नं. ९** : लमही नगरपालिका वडा नं. ३ मा न्यू रात्ती चिम्नी इटा उधोग, संचालन अनुमतिका लागि यस कार्यपालिकाको मिति २०७६।०३।०६ गतेको बैठकले छानविन समिति गठन गरि समितिलाई प्रतिबेदन पेश गर्न निर्देश गरेकोमा समितिले उधोग संचालनमा कुनै बाधा नभएको ब्यहोरामा प्रतिबेदन पेश गरेकोले संचालनको लागि स्वीकृती दिने । र श्री गणेश इटा उधोग लमही २, नर्तीलाई नविकरणको लागि स्वीकृती दिने ।

**निर्णनय नं. १०** : लमही नगरपालिका वडा नं. ५ निवासी श्री सनम पौडेलले यसै नगरपालिकाको वडा नं. ४ अर्नहवामा साना घरेलु इटा उधोग संचालनका लागि निबेदन पेश गरेकोले **लमही नगरपालिका इट्टा उधोग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि, २०७५** को दफा ६मा भएको जाँचबुझ समितिको व्यवस्था अनुसार सम्बन्धीत स्थलको अध्ययन गरि प्रतिबेदन गर्न समितिलाई निर्देशन दिने ।

**निर्णनय नं. ११** : इटा उधोग नविकरणको लागि हाल सम्म लमहीनगर कार्यपालिकाको बैठकबाट अनुमोदन गरेर मात्र स्वीकृती दिने गरिएकोमा अव उप्रान्त सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएमा प्रमुख प्रशासकीय अधिकृतले नविकरण स्वीकृती दिने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner